# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, माघ १५ गते, २०८२ साल (संख्या १४


## भाग २

### गण्डकी प्रदेश सरकार

### भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको सूचना

### गण्डकी प्रदेश राईड सेयरिङ् (नियमन र व्यवस्थापन)(पहिलो संशोधन) नियमावली, २०८२

गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १३ को प्रयोजनको लागि दफा २२१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस नियमावलीको नाम "गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) (पहिलो संशोधन) नियमावली, २०८२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२" को नियम २ मा संशोधनः</u>** गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२" (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ज) र (झ) को सट्टामा देहायको खण्ड (ज) र (झ) राखिएको छ।

"(ज) "राईड सेयरिङ सवारी" भन्नाले अनलाईन प्रणालीको प्रयोग गरी राईड सेयरिङ सेवा सञ्चालन गर्न यात्रु बाहक सवारीको रुपमा यातायात कार्यालयबाट इजाजत प्राप्त दुई पाङ्ग्रे निजी र पाँच सिट भएको चार पाङ्ग्रे सार्वजनिक सवारी साधन सम्झनु पर्छ।

(झ) "राईड सेयरिङ सेवा" भन्नाले अनलाइन प्रणालीको प्रयोग गरी राईड सेयरिङ सवारी साधन मार्फत यात्रु ओसारपसार गर्ने कार्य सम्झनु पर्छ।"

३. **<u>मूल नियमावलीको नियम १२ मा संशोधनः</u>** मूल नियमावलीको नियम १२ को उपनियम (१) को सट्टामा देहायको उपनियम (१) राखिएको छ।

"(१) दुईपाङग्रे सवारी साधनले कुनै यात्रीलाई सेवा दिँदा सवारीले बाटो ईजाजत पाएको सञ्चालन क्षेत्रभित्र एकपटकमा प्रस्थान बिन्दु देखि गन्तव्य बिन्दुसम्म बढीमा बीस कि.मी.को दुरीसम्म र चारपाङ्ग्रे सवारी साधनको हकमा पचास कि.मि.को दुरी सम्म सेवा दिन पाउनेछ। सो दुरी भन्दा बढी दुरीका लागि सेवा खोज्न वा प्राप्त गर्न नसकिने गरी एपमै व्यवस्था भएको हुनु पर्नेछ।"

४. **<u>मूल नियमावलीको नियम २२ मा संशोधन</u>**: मूल नियमावलीको नियम २२ मा रहेका " राईड सेयरिङ वा" भन्ने शब्दहरु झिकिएका छन्।

५. **<u>मूल नियमावलीको अनुसूची-७ मा संशोधनः</u>** मूल नियमावलीको अनुसूची-७ को सट्टामा देहायको अनुसूची -७ राखिएको छः-

**“अनुसूची-७”**

**(नियम २२ सँग सम्बन्धित)**

**सङ्केत/लोगो**

SD

**द्रष्टव्यः**

१. दुईपाङ्ग्रे सवारी साधनको हकमा कालो रङ्गको पृष्ठभूमिमा पाँच सेन्टिमिटर व्यास भएको वृत्ताकार सङ्केत/लोगो वा चिन्हभित्र तीन सेन्टिमिटर उचाई र एक दशमलव पाँच सेन्टिमिटर मोटाई राखी सेल्फड्राइभको रातो रङ्गमा अङ्ग्रेजी अक्षर SD जनाउनुपर्नेछ।

२. चारपाङ्ग्रे सवारी साधानको हकमा कालो रङ्गको पृष्ठभूमिमा पन्ध्र सेन्टिमिटर व्यास भएको वृताकार सङ्केत/लोगो वा चिन्ह भित्र सेल्फड्राइभको SD को उचाई एघार सेन्टिमिटर र एक सेन्टिमिटरको मोटाई राखी जनाउनु पर्नेछ।

आज्ञाले,

ई. कमल कुमार अधिकारी

प्रदेश सरकारको सचिव

मुद्रकःगण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।मूल्य रु.१०।-